# निस्दी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड ६ | संख्या ४ | मिति २०७९/१२/२९ |
| --- | --- | --- |

# भाग २

## निस्दी गाउँपालिका
## लुम्बिनी प्रदेश, नेपाल
## निस्दी गाउँपालिकाको उत्पादनमा आधारित कृषक सहयोग अनुदान वितरण कार्यविधि, २०७९

निस्दी गाउँपालिका भित्र पशुपालन गर्ने कृषकहरुलाई व्यवसायिक र प्रतिस्प्रधी बनाई उनीहरुको आय आर्जन बृद्धि गरी जिवन स्तर उकास्न र स्वावलम्बी बनाउनको लागि वाञ्छनीय भएकाले **निस्दी गाउँपालिकाको उत्पादनमा आधारित कृषक सहयोग अनुदान वितरण कार्यविधि, २०७९** निस्दी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# निस्दी गाउँपालिकाको उत्पादनमा आधारित कृषक सहयोग अनुदान वितरण कार्यविधि २०७९

मितिः २०७९/१२/२९

**प्रस्तावनाः**

निस्दी गाउँपालिका भित्र पशुपालन गर्ने कृषकहरुलाई व्यवसायिक र प्रतिस्प्रधी वनाई उनीहरुको आय आर्जन बृद्धि गरी जिवन स्तर उकास्न र स्वावलम्वी बनाउनको लागि वाञ्छनीय भएकोले निस्दी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न स्थानीय सरकार संचालन ऐनको दफा ११ को उपदफा २ को खण्ड ण ले दिइएको अधिकार प्रयोग गरी कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम  उत्पादनमा आधारित पशुपालन अनुदान वितरण कार्यविधि २०७९ रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाको बैठकवाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

२) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) गाउँपालिका भन्नाले निस्दी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) अध्यक्ष भन्नाले निस्दी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) उपाध्यक्ष भन्नाले निस्दी गाउँपालिकाको उपाध्उक्षलाई सम्झनु पर्दछ ।

घ) आर्थिक विकास समितिको संयोजक भन्नाले गाउँपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजकलाई सम्झनु पर्दछ ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले निस्दी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजको काम गर्न तोकिएको व्याक्तीलाई सम्झनु पर्दछ ।

CamScanner

# परिच्छेद ३

## अनुदान बितरण क्षेत्रहरु

गाउँपालिकाले तपशिलका क्षेत्रहरुमा अनुदानको रकम बितरण गर्नेछ ।

१)मासुमा अनुदानः

गाउँपालिकाले अनुदान वितरण गर्दा पालिकामा सूचीकृत भएको गाउँपालिका बाट उक्त वडाको लागि यस किसिमका काम गर्न भनि पूर्व स्वीकृत प्राप्त गरेको स्थानीय सहकारी वा समूह मार्फत बिक्रि गर्ने र सम्वन्धित वडामा खसी बोका कुखुरा तथा कृषि जन्य उपजको बजारीकरण गरेको सहकारी वासमूहको सिफारिसको आधारमा तपशिल वमोजिम अनुदान रकम वितरण गरिने छ ।

तपशिलः

क) सहकारी वा समूहमा आवद्ध भएर बार्षिक १०० के जी भन्दा बढी खसी वोकाको जिउदो प्रणालीमा मासु बिक्रि गरेमा प्रति के जी रु २०।

ख) व्याक्तीगत व्यवसाय वा सहकारीमा आवद्ध भई बार्षिक ४० के  जी भन्दा बढी जिउदो कुखुरा बिक्रि गरेमा प्रति के जी रु १०।

२ दूध उत्पादनमा अनुदानः

डेरी समूहमा आवद्ध भई माशिक रुपमा प्रति कृषक ६० लिटर भन्दा बढी दूध बिक्रि गरेमा प्रति लिटर ५। का दरले अनुदान उपल्वध गराईनेछ ।

३ निशुल्क डाले घाँस तथा घाँसको विउ वितरणः

निस्दी गाउँपालिका तथा वडाहरुले विनियोजन गरेको विकास कार्यक्रम तर्फको वजेट बाट वास्तविक पशुपालक किसानको पहिचान गरी डाले तथा भुई घाँसका विउ विरुवा वितरण गरिनेछ ।

४ खोर टाट्नो निर्माणमा अनुदान तथा प्राविधिक सहायताः

निस्दी गाउँपालिका भित्रका (बाख्रा बंगुर तथा कुखुरा ) पालन गरि व्यवसायिक उन्मुख युवाहरुका लागि खोर टाट्नो निर्माणमा अनुदान तथा प्राविधिक सहायताको लागि आवश्यक्ता अनुसारको आधारमा अधिक्तम ३५०००। हजार ७५ प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

५ तालिम औषधी उपचार तथा खोपको व्यवस्थाः

निस्दी गाउँपालिका भित्रका पशुपालक कृषकहरुलाई पशु पालन सम्वन्धी नविन्तम् ज्ञान र शीप प्रदान गर्न तालिमहरु संचालन गरिनेछ ।यस क्षेत्रका पशुहरुमा संक्रामक रोग तथा महामारीको उपचार तथा नियन्तरणका लागि पालिका तथा वडाहरुले आफ्नो रकम हेरी निशुल्क औषधी तथा खोपको व्यवस्था गरिनेछ ।

CamScanner

## परिच्छेद ४
## गाई/भैंसी र बाख्रा सम्वन्धी बिमाको व्यवस्था

१ गाउँपालिका भित्रका सम्पूर्ण कृषक तथा कृषक समूहमा पालेका गाई भैंसी तथा बाख्राको पशु बिमा गर्ने कार्यलाई अभियानका रुपमा संचालन गरिनेछ । गाई वा भैंसीको हकमा कम्तिमा ५ वटा हुनु पर्नेछ । भने बाख्राको हकमा १० वटा माउ बाख्रा हुनुपर्नेछ यसरी बिमा गरेको पशुपन्छीको प्रिमियम रकममा १० प्रतिशतमा नवढ्ने गरि अनुदानको ब्यवस्था गरिनेछ। यसरी अनुदानका लागि बिमा गरेको कागजातको प्रतिलिपि र यसको परिधि भित्र रहेको सूचनाको प्रमाण वडा वा समूहको सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२ प्रजन्नका लागि उन्नत राँगो तथा बोकाको लागि समूहलाई खरिद मूल्यको ४० प्रतिशतमा नवढ्ने गरि अनुदानको व्यवस्था गरिनेछ ।

## परिच्छेद ५
## मासुमा अनुदान सम्वन्धी ब्यवस्था

१ मासुमा अनुदान प्रयोजनका लागि प्रत्येक वडामा १/१ वटा कृषि तथा पशुपालक सहकारी लाई छनौट गरिनेछ । यदि कुनै वडामा नभएमा नजिकको वडाको सहकारी त्यस वडामा कार्यक्षेत्र बिस्तार गर्नका लागि अनुमति दिने त्यो समभव नभएमा सामाजिक उधमी कृषि तथा पशुपालक सहकारीको गठन गरी लागु गरिनेछ ।

२ दफा १ मा उल्लेखित सहकारी वा समूहले खसी/बोका /दूध तथा कुखुराको जिउदो तौलको संस्थागत विक्रि रेकर्ड व्यवथित तरिकाले अनुसूची २ बमोजिम राखु पर्दछ ।

३ अनुदान रकम सिफारिस गर्दा सहकारी सम्वन्धी वडाको सिफारिस अनिबार्य सहित सिफारिस पत्र र अनुसूची २ वमोजिमको रेकर्ड प्रमाणित गरी निस्दी गाउँपालिकामा पठाउनु पर्नेछ ।

४ सहकारी तथा समुहवाट फर्जि काम भएको भन्ने थाहा हुन आएमा त्यस्ता सहकारी समूहहरुलाई कालो संचीमा राखि दर्ता खारेजी गरिनेछ ।

CamScanner

५ सहकारी तथा समूह गठन गर्दा तपशिल बमोजिमको प्रक्रिया तथा कागजातहरु पुरा गरेको वा अनुसूची १ बमोजिमको निवेदन दर्ताका लागि पेश गरेको हुनु पर्नेछ ।

क) समुह समिति सहकारी गठन भई कार्यक्रम संचालन भएको ६ महिना पुरा पुगेको प्रमाणा सहित निर्णय प्रतिलिपि ।

ख) समूह समितिका पदाधिकारीहरुको नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि ।

ग) पशुपालन तथा त्यसको जिउँदो तौल प्रणालीमा संस्थागत रुपमा विक्रि गर्ने खालको काम गर्ने प्रतिवद्धता ।

घ) सम्वन्धीत वडाको सिफारिस पत्र ।

ङ) कार्ययोजना ।

च) फर्म दर्ताका लागि नागरिकताको प्रमाण पत्र सहितको निवेदन ।

छ) फार्म सञ्चालन भएको स्थानको जग्गाधनी प्रमाणा पुर्जाको प्रतिलिपि तथा भाडामा भए सम्झौताको प्रतिलिपि ।

ज) फार्म ब्यवसायिक कार्ययोजना तथा समुह समितिको विधान ।

CamScanner

## परिच्छेद ६
## ब्यवस्थापन सहयोग

क) दूध उत्पादन गर्ने कृषकका लागि दुध ढुवानीका लागि सहजता ल्याउन दुध क्यान तथा दुधलाई बजारिकरण गर्न दुध डेरीमा रु १०००००। सम्म अनुदानको ब्यवस्था गरिनेछ ।

ख) खसी/बोका तौलका लागि कृषक समूह तथा सहकारीलाई तौल मेसशिन खरिदमा आवश्यक अनुदानको ब्यवस्था गरिनेछ ।

ग) ब्यवसायिक फार्महरुका लागि च्यापकटर तथा दाना बनायने ग्राण्डिङ मेशिन खरिदमा ५० प्रतिशत अनुदानको ब्यवस्था गर्ने ।

## परिच्छेद ७
## ब्यवस्थापन समिति

१ अनुदान वितरण ब्यवस्थित गर्न र अनुगमन तथा मूल्याङ्कन गर्नका लागि गाउँपालिकामा तपशिल वमोजिमको ७ सदस्सीय अनुगमन समिति रहने छ ।

तपशिलः

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्षः | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्षः | सदस्य |
| ग) आर्थिक विकास समिति संयोजकः | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| ङ) योजना शाखा प्रमुखः | सदस्य |
| च) सहकारी विभाग प्रमुखः | सदस्य |
| छ) पशु सेवा शाखा प्रमुखः | सदस्य सचिव |

CamScanner

## परिच्छेद ८

## अनुगमन तथा मूल्याङ्कन

२ यस कार्यबिधि अनुरुप काम भए नभएको सम्वन्धमा कार्यपालिकाले अनुगमन तथा सुझाव दिन सक्नेछ ।

३ यस कार्यबिधि अनुरुप बितरण भएको अनुदानको रकमको जानकारी गाउँसभा समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ९

## संशोधन तथा परिमार्जन

१ कार्यपालिकाले आवश्यक ठानेमा यो कार्यविधिमा जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## परिच्छद १०

## खारेजी वा बचाऊ

१ यो कार्यविधि प्रचलित संघिय कानुन प्रदेश कानुन र यस गाउँपालिकाको कानुनसंग वाझिएमा वाझिएको हद सम्म खारेज वा संशोधन हुनेछ ।

CamScanner

# अनुसूची १

समूह वा सहकारीले दर्ताको लागि पेश गर्नु पर्ने निवेदनको ढाँचा र आवश्यक कागजातहरु

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
निस्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
मित्याल पाल्पा ।

<u>बिषयः उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रम संचालन गर्न स्वीकृति पाउँ ।</u>

प्रस्तुत विषयमा यस गाउँपालिकाको सुचना वमोजिम उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रम संचालन गर्ने आधिकारिक सहकारी वा दर्तावाला समूहको निवेदन माग भए वमोजिम यस सहकारी /समूहको मितिः को संचालक समितिको बैठकको निर्णय वमोजिम उक्त कार्यक्रम संचालन गर्न सहजीकरणका लागि निस्दी गाउँपालिका सग माग गर्ने निर्णय गरेको हुँदा उक्त कार्यक्रम सहजीकरणका लागि तपशिलको बिवरण सहित यो निवेदन पेश गरेका छौ ।

१ सहकारी/ समूहको नामः
२ ठेगानाः
३ दर्ता नं दर्ता मितिः
४ पान नः
५ शेयर सदस्य संख्या शेयर रकमः
६ वचत रकमः अन्य रकमः
७ सहकारी/समूहको कुल पुजीः
८ संलग्न कागजातहरुः
क) उत्पादनमा आधारित सहयोग अनुदान कार्यम्रम सहजीकरण गर्ने बिषयमा संचालक समितिको निर्णयप्रतिलिपि
ख) सहकारी/ समूह दर्ता प्रमाण पत्र
ग) करदाता कार्यालयको दर्ता प्रमाण पत्र
घ) करचुक्ता प्रमाण पत्र
ङ) विनियमको प्रतिलिपि
च) अनुभव भएमा सोको विवरण

CamScanner

## अनुसूची २

## सहकारी /समूह अनुदान माग फारम

सहकारी/ समूहको नाम:

ठेगाना:

विवरण अवधि देखि सम्म

| क. स | मिति | कृषकको नाम | समूहको नाम | विक्रि संख्या | के.जी /गोटा | के.जी /गोटा मूल्य | जम्मा विक्रि मूल्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्या:

विक्रिगरिएको खसी वोकाको संख्या:

विक्रि गरिएको खसी/वोकाको जम्मा के.जी

अण्डा भए विक्रि गरिएको जम्मा अण्डा संख्या

दूध भएमा विक्रि गरिएको दूधको जम्मा लि.

माग गरिएको अनुदान रकम:

| तयार गर्ने: | सिफारिस गर्ने: | प्रमाणित गर्ने: |
|---|---|---|
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| नाम थर: | नाम थर: | नाम थर: |
| पद: | पद: | पद: |
| मिति: | मिति: | मिति: |

आज्ञाले:

ध्रुव दयाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner